**Voice : A Biannual & Bilingual Journal**
*2024 June, Vol : 16, No. 1, pp.149-158*
DOI : https://doi.org/10.3126/voice.v16i2.72786

# मोहोर उपन्यासमा सङ्घर्षको खोजी

हरि प्रसाद तिमिल्सिना[१]

**Article Information : Received :** September 9, 2024 **Revised :** November 12, 2024 **Accepted :** December 10, 2024

**सारसङ्क्षेप**

आख्यानको केन्द्र उपन्यास हो । उपन्यासमा मालामा उनिएका फूलहरुझैँ कथावस्तु एकपछि अर्को कुतूहलतापूर्वक आउँछन् । कुतूहलता बढ्दै गई मूल कथावस्तु चरम अवस्थामा पुगेर समापनतिर झर्दछ । नाटक, महाकाव्यमा जस्तै उपन्यासमा पनि कथावस्तुलाई पाँच अर्थप्रकृति र पाँच कार्यावस्थालाई पञ्चसन्धिले जोडेर कथामा पाठकलाई डुबाउँदै आख्यानात्मक रसास्वादनका साथ अन्त्यसम्म जीवनका विविध पक्षहरुको सन्देश प्रवाहित गरिन्छ। उपन्यास सिङ्गो जीवनका महत्त्वपूर्ण पक्षहरुलाई उल्लेख गर्ने विधा भएकाले साङ्गोपाङ्गो जीवनको अभिव्यक्ति आउनु पर्दछ । प्रस्तुत मोहोर उपन्यासमा पनि उपन्यासका नायक बाको ८४ वर्ष लामो जीवनका महत्त्वपूर्ण घटनाहरुलाई उल्लेख गरिएको छ। यो उपन्यास सामाजिक यथार्थवादी धाराको मौलिक उपन्यास हो। यसमा घटित घटनाहरु लेखकका बाले आफ्नो जीवनमा भोगेका यथार्थ घटनाहरु हुन् । यसको अध्ययनपश्चात् तीन वर्षमा आमा, सात वर्षमा बुवा र दश वर्षमा एक मात्र अभिभावक हजुरबालाई पनि गुमाउनु परेको र जीवन सङ्घर्षका क्रममा अनेक दुख, पीडा र अपमान झेलेर पनि सफल बा, सफल पति, सफल अभिभावक बन्न सकेका शारीरिक रुपले एउटा खुट्टा कमजोर भए पनि सतिसाल झै उभिएका बाले भोगेका यावत् पक्षहरुको उपन्यासको विधातात्विक अध्ययनका साथै मोहोर उपन्यासमा बाको सङ्घर्षको खोजी गरिएको छ ।

**शब्दकुञ्जी :** मोहोर, रोट, बर्तन, सङ्घर्ष, गरनडाँडा आदि ।

[१]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : timilsina119@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

वि.सं. २०८१ सालमा प्रकाशित मोहोर उपन्यास उपन्यासकार सागर गैरेको तेस्रो कृति हो । २०३२ सालमा गरनडाँडा पाल्पामा जन्मेर ककौरा बर्दियामा हुर्केर कोहलपुरमा बसोबास गर्दै आएका सागर गैरे पूर्णिमा महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जबाट राजनीतिशास्त्र र समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । गैरे गजलकार, कवि, निबन्धकार, नियात्रानिबन्धकार हुँदै उपन्यास विधामा कलम चलाएर मोहोरको प्रकाशनपछि उपन्यास विधामा समेत प्रवेश गरेका छन् । यस कृतिमा सामाजिक यथार्थवादी धाराका केन्द्रीयतामा पारिवारिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक पक्षहरुलाई सुन्दर एवं जीवन्त रुपमा प्रस्तुत गरेका गैरेले जन्मेको एक वर्षमै मातृममता र तीन वर्षमै पितृममताबाट वञ्चित आमाको साथमा आफ्नै बाले भोगेका कठिन अवस्था र सफलताको कथालाई यस अध्ययनमा औपन्यासिक तत्त्वका आधारमा कृतिको विश्लेषणसहित उनले गरेको सङ्घर्षको खोजी गरिएको छ ।

### अध्ययन विधि

यस अध्ययनमा निम्नानुसार अध्ययन विधि अवलम्बन गरिएको छ :

**अनुसन्धानको ढाँचा :** यो गुणात्मक ढाँचाको अनुसन्धान हो । गुणात्मक ढाँचाको अनुसन्धान भएकाले मोहोर कृतिको अध्ययनबाट प्राप्त तथ्यहरुको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**जनसङ्ख्या र नमुना छनौट :** प्रस्तुत लेखमा नमुना छनौट पद्धतिबाट उपन्यासकार सागर गैरेको मोहोर उपन्यासलाई नमुना छनौट गरिएको छ ।

**तथ्याङ्क सङ्कलन :** यस अध्ययनमा मोहोर उपन्यासलाई उपन्यास र यससँग सम्बन्धित सैद्धान्तिक तथा लेखकका प्रवृत्तिहरुका लागि अन्य कृति र लेखहरुलाई आधार बनाएर तथ्य सङ्कलन गरिएको छ ।

**तथ्याङ्क सङ्कलनका साधन :** यस अध्ययनमा प्राथमिक स्रोतका रुपमा मोहोर उपन्यासलाई लिइएको छ । उपन्यासको सैद्धान्तिक पक्षको अध्ययनका लागि उपन्यासका सिद्धान्त उल्लिखित कृतिहरु र उपन्यासकारको परिचय एवं प्रवृत्तिहरुको अध्ययनका लागि विभिन्न पुस्तक एवं लेखहरुको उपयोग गरिएको छ । यिनै दस्तावेजहरुबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया :** प्राप्त तथ्यहरुको वर्णन र त्यसको पुष्टिका लागि विभिन्न उदाहरणसमेत दिई विश्लेषणका साथ निष्कर्षमा पुग्ने कार्य गरिएको छ । समीक्षात्मक विश्लेषण गरी निष्कर्ष निकालिएको यस लेखमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

**सैद्धान्तिक पर्याधार :** मोहोर उपन्यास गद्याख्यान विधाको सर्वोच्च रुप भएकाले उपन्यासको सैद्धान्तिक आधारमा अनुसन्धानात्मक व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस कृतिको सैद्धान्तिक पर्याधार उपन्यासको सिद्धान्त नै हो । अतः उपन्यासका विविध आयामहरु, उपन्यासका तत्त्वहरु र यसको संरचानलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । उपन्यास, नाटक र महाकाव्य जस्तै जीवनको सिङ्गो अथवा मोटामोटी अभिव्यक्ति हुने विधा हो । जीवना महत्त्वपूर्ण एवं प्रमुख घटनाहरुलाई समेटी साङ्गोपाङ्गो अभिव्यक्ति उपन्यासमा

हुन्छ । उपन्यासमा कथावस्तु, चरित्र वा पात्र, परिवेश, भाषाशैली एवं उद्देश्य तत्त्वका रुपमा आउँछन् । उपन्यास आख्यानात्मक लामो विधा भएकाले जीवनका विभिन्न प्रसङ्गहरु आउने र तिनै विविध घटना वा प्रसङ्गहरुमा कुतूहलतापूर्वक पाठकलाई डुबाउँदै समापनसम्म पुऱ्याउनुपर्ने भएकाले यस विधाका घटनाहरुलाई मालामा उनिएका फूलजस्तै एकपछि अर्को जोड्दै लगिन्छ । यसोगर्दा नाटक र महाकाव्यमा आउने बीज, विन्दु, पताका, प्रकरी र कार्य गरी पाँच अर्थप्रकृति र आरम्भ, यत्न, प्राप्त्यासा, नियताप्ति र फलागम गरी पाँच कार्यावस्थालाई मुख, प्रतिमुख, विमर्श, गर्भ र निर्वहण पञ्चसन्धिले जोडेर अन्तिमसम्म पुऱ्याइन्छ । यसरी उपन्यासको कथावस्तु निर्वाधरुपमा सलल बगेको हुनुपर्दछ । उपन्यासमा भाग र परिच्छेद, नाटकमा अङ्क, दृश्य र संवाद महाकाव्यमा सर्ग र श्लोकहरु बनोट वा बाह्य पक्ष हुन् । उपन्यासमा घटनाको संयोजन एक, दुई, थोप्ला, धर्का आदिबाट भाग, परिच्छेद वा अध्यायलाई छुट्याउने गरिन्छ । उपन्यास लेखनको मूल उद्देश्य पाठकलाई कथामा डुबाउनु हो र कथामा डुब्न उपशीर्षक विहिन, परम्परागत ढाँचा नै बढी प्रभावकारी हुन्छ । उपन्यासका यिनै सैद्धान्तिक आधारहरुलाई मुख्य पर्याधारका रुपमा उपयोग गरी मोहोर उपन्यासको विश्लेषणका साथ उपन्यासमा आएको सङ्घर्षको खोजी गर्ने प्रयास गरिएको छ ।

## छलफल र विश्लेषण

मोहोर उपन्यासलाई सैद्धान्तिक आधारका कसीमा अध्ययन गर्दा उपन्यासकारको परिचय र प्रवृत्ति, उपन्यासको शीर्षकसंरचना, कथावस्तु, पात्र वा चरित्र, परिवेश, भाषाशैली एवं उद्देश्यजस्ता उपशीर्षक राखी विश्लेषण गरिएको छ भने बाले गरेको सङ्घर्षलाई उल्लेख गरी जुनसुकै परिस्थितिमा पनि सकारात्मक सोचका साथ सङ्घर्ष गर्नु पर्दछ र यसबाट जीवनमा सफलता प्राप्त हुन्छ भन्ने सन्देश प्रवाहित गर्न बाको सङ्घर्षको खोजी गरिएको छ ।

## लेखकको परिचय

रुकादेवी गैरे र घनश्याम गैरेका जेठा छोरा सागर गैरेको जन्म २०३२ आषाढ २५ गते गरनडाँडा पाल्पामा भएको हो । २०३८ आषाढ ६ गते ककौरा बर्दियामा बुवाआमासँगै बसाइ सरी आएका सागर गैरेका चार जना भाइहरु र तीन जना दिदीहरु रहेका छन् । सागर गैरेले बर्दियाको ककौरास्थित त्रिभुवन मा.वि.बाट एस.एल.सी., बागेशवरी बहुमुखी क्याम्पस कोहलपुरबाट आई.ए. र नेपालगन्जस्थित महेन्द्र बहुमुखी क्याम्पसबाट बी.ए. गरी राजनीति शास्त्रमा २०५९ सालमा एम.ए. उत्तीर्ण गरेका छन् । उनले पुनः समाजशास्त्रमा समेत स्नातकोत्तर गरी डबल डिग्री हासिल गरेका छन् । २०४८ सालदेखि कोहलपुरमा बस्न थालेका गैरे दस वर्ष आफ्नो भिनाजुको पसलमा व्यापारव्यवसायसम्बन्धी काम सिकेर २०५९ सालदेखि आफै व्यवसाय सञ्चालन गरी हाल सफल व्यवसायीका रुपमा समेत परिचित छन् । १२ वर्षको उमेरमा २०४४ सालमा रेडियो नेपालको क्विज कम्पिटिसनमा सहभागी भएका र २०४८ सालमा रङ्गमञ्चमा पाठकप्रतिक्रिया प्रकाशित गरी सार्वजनिक लेखकीय यात्रा प्रारम्भ गरेका हुन् । सानैदेखि साहित्यमा रुचि भएका गैरेले २०५७ सालमा पूर्णिमा साहित्यिक पत्रिका प्रकाशनको प्रारम्भ गरी साहित्यिक प्रयासको थालनी गरेका हुन् । गैरेले २०५८ सालमा पूर्णिमा साहित्य समूह गठन गरी संस्थागत साहित्यिक कर्ममा लागेका थिए । गैरेको पूर्णिमा साहित्य समूह, तुलसीराम स्मृति प्रतिष्ठान, गजल साँझ र नवयुवा साहित्य समूहसमेतलाई मिलाई २०६७ सालमा हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठानको स्थापना भएपछि संस्थापक सल्लाहकार रहेका गैरे संस्थागतरुपमा कार्यकारीपदमा नरहेपनि संस्था सञ्चालन र पत्रिका प्रकाशनमा निरन्तर क्रियाशील रहँदै आएका छन् ।

भेरी साहित्य समाजका केन्द्रीय सदस्य रहिसकेका गैरे हाल कोहलपुर वाङ्मय प्रतिष्ठानका सदस्य र हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठानका सल्लाहकारका रुपमा रहेका छन् । लकडाउन (२०७७) निबन्धसङ्ग्रह, बलै गाउँदेखि बाकुसम्म (२०७८) नियात्रा निबन्धसङ्ग्रह र मोहोर (२०८१) उपन्यास गरी तीन वटा कृति प्रकाशित गरेका छन् । पूर्णिमा साहित्यिक पत्रिकाको २०५७ सालदेखि २०७७ सालसम्म सम्पादनसमेत गरेका छन् । निबन्धकार तथा नियात्रानिबन्धकारका रुपमा परिचित गैरेको मोहोर पहिलो औपन्यासिक कृति हो । यिनका निबन्धात्मक र औपन्यासिक प्रवृत्तिहरुलाई केलाउँदा निबन्धकार एवं नियात्राकारका रुपमा यिनी वस्तुपरक निबन्धकार, आख्यानात्मक, संस्मरणात्मक र वर्णनात्मक शैलीको प्रयोग, मूलतः आँखाले देखेको कुरा लेख्ने निबन्धकार हुन् ।

मोहोर उपन्यासका आधारमा गैरेका औपन्यासिक प्रवृत्तिहरुलाई केलाउँदा उनका औपन्यास प्रवृत्तिहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सामाजिक यथार्थवादी धाराका केन्द्रीयतामा पारिवारिक, आर्थिक र सांस्कृतिक अवस्थाको चित्रण,
- निम्न, मध्यम र उच्च वर्गीय परिवेशको चित्रण,
- जीवनका दुख, सङ्घर्ष, वियोग र वेदनाको अभिव्यक्ति,
- कर्तव्य, मर्यादा र आदर्शका झिल्का,
- उपन्यासमा शीर्षकहीन शीर्षकहरुको प्रयोग गर्ने प्रवृत्ति,
- वर्णनात्मक, विवरणात्मक र संस्मरणात्मक उपन्यास,
- स्वैरकल्पना र मिथकको आंशिक प्रयोग,
- गीत, भजन र उखानटुक्काको प्रयोग तर गीतको अभाव,
- भाषिक कलात्मकता र अनुभूतिको विस्तार पक्ष कमजोर,
- सरल, सुबोध भाषाको प्रयोग ।

**मोहोर उपन्यासको शीर्षकसंरचना**

मोहोर कृतिमा ३१२ पृष्ठको आयाम समेटिएको छ । यसभित्र ४७ वटा उपशीर्षक छन् जसमध्ये ४६ वटा उपशीर्षकको नाम उल्लेख गरिएको छ भने पहिलो अध्यायमा शीर्षकीकरण नगरी उपन्यासका नायक 'बा' र लेखकको पारिवारिक चर्चा गरिएको छ । दोस्रो अध्यायमा 'चौरासी पूजा' शीर्षक राखिएको छ र बाको चौरासी पूजा सकिएपछिको भोलिपल्ट रातिदेखि एक दिन दुई रातसम्म बाले लेखकलाई भनेको संस्मरणात्मक कथालाई उपन्यासको कथावस्तु बनाइएको छ । यसरी मूल विषयवस्तु तेस्रो अध्याय 'पुर्खाको यात्रा'बाट 'बुढ्यौली'सम्म उपन्यासको मूल कथावस्तु विभिन्न शीर्षकहरुमा राखिएको छ । अन्त्यमा 'र यो पनि' शीर्षकमा लेखकले आफ्नो विभिन्न विषयहरुको संस्मरण गरेका छन् र यो उपन्यास लेखेको उल्लेख गरी कथावस्तु समापन गरिएको छ ।

मोहोरले उपन्यासको आयाम प्राप्त गरेको छ । मोहोर शीर्षक राखिएको यस कृतिमा गण्डकी क्षेत्रको झन्डै १०० वर्ष लामो बाको वंशको इतिहास र पाल्पाको गरनडाँडादेखि बर्दिया ककौरासम्मको सङ्घर्षभित्रको जीवनयापन, परिवार तथा सन्तानको भरणपोषण र पठनपाठनको जिम्मेवारीसम्म मोहोर अर्थात् आर्थिक अवस्था नै मुख्य हुने र त्यसैका लागि जीवनका चौरासी वर्ष बाले गरेको सङ्घर्षका आधारमा यो आर्थिक सङ्घर्षको कथा भएकाले प्रतीकात्मक रुपमा मोहोर शीर्षक सार्थक छ भने एउटा तोडामा चाँदीका १००० मोहोर हुन्थे (पृ.२४), मान्द्रोमा मकैकोदो सुकाएझैँ

डबल मोहोर सुकाउँथे (पृ४७), बटौलीको बजारमा मोहोर पाथी नुन (पृ.६८), मोहोर माना चिनी (पृ.७०), बुढ्यौली शीर्षकको अध्यायमा पटकपटक मोहोरको औचित्य पुष्टि गरिएको छ- हजारको नोटभन्दा बढी एक मोहोरको मूल्य थियो (पृ.२९९) आदि अभिव्यक्तिले मोहोर शीर्षक अभिधात्मक रुपमा सार्थक छ । उपन्यासको कथावस्तुमा मोहोरसम्बन्धी विषय आएकोले उपन्यासको नाम मोहोर राखिनु उपयुक्त र औचित्यपूर्ण छ ।

## कथावस्तु

उपन्यासमा सामान्यतः उपशीर्षकहरु राखिएका हुँदैनन् किनकि कथावस्तु एकपछि अर्को मालामा उनेका फूल झैँ उनिएर आउँछन् । कुतूहलता बढ्दै गएर मूल कथावस्तु चरम अवस्थामा पुगेर समापनतिर झर्नुपर्दछ । नाटक, महाकाव्य र उपन्यासको कथावस्तुमा पाँच अर्थ प्रकृति र पाँच कार्यावस्थालाई पञ्चसन्धिले जोडेर कसिलो संरचना बनाउनु पर्दछ । प्रायः गैह्रआख्यान रचनाहरु जीवनी, आत्मसंस्मरण वा लेखहरुमा भागलाई तोड्न वा छुट्याउन उपशीर्षक प्रयोग गरिन्छ । केही जातक कथाहरु भागवत महापुराणमा उपशीर्षक राखिएको पाइन्छ भने समकालीन केही थोरै नेपाली उपन्यासमा मात्र उपशीर्षकमा विभाजन गरिएको पाइन्छ । लेखकले 'र यो पनि' शीर्षकमा उपन्यासको अन्त्यमा "यो किताब मेरा बाले जिन्दगीभर हिँडेको बाटोको कथा हो" भनेबाट बाका सङ्घर्षपूर्ण चौरासी वर्षको आरोह अबरोह यस उपन्यासमा आएको छ । तीन वर्षमा आमा, सात वर्षमा बुवा र दश वर्षमा बाबुआमापछि आश्रय दिने हजुरबुवा गुमाएका बाका दुखद समयका साथै एक वर्ष हुँदा आमा र तीन वर्ष हुँदा बुवा गुमाएकी आमाको दुखद सङ्घर्षकको कथा मोहोर हो । उपन्यासको कथावस्तु यथार्थमा आधारित सङ्घर्षपूर्ण एवं मार्मिक छ । यस उपन्यासका कथावस्तु मार्मिक, हार्दिक र हृदयलाई द्रवीभूत बनाउने खालका भए पनि उपन्यासका गतिमा सलल बग्न सकेको छैन । गैरेको पहिलो प्रयास भएकाले यस्तो हुन गएको देखिन्छ ।

प्रस्तुत कृतिमा मूल कथावस्तु 'पुर्खाको यात्रा'देखि 'बुढ्यौली'सम्म ४४ वटा विभिन्न उपशीर्षकमा समेटिएको छ । बाको चौरासी बर्से जीवनका दुख, सङ्घर्ष, पीडा, वेदना, इमान्दारिता, सरलता नै मोहोरका मूल विषयवस्तु हुन् । चौसारी पूजाको भोलिपल्ट रातिदेखि दुई रात एक दिनसम्म बाले भनेको र लेखकले सुनेको टिपेको भरमा संस्मरणात्मक शैलीमा उपन्यासमा निर्माण भएको छ । जुम्लाबाट गण्डकी क्षेत्र हुँदै पाल्पाको गरन डाँडाको इतिवृत्तान्त, परम्परागत औषधिमुलो प्रथा, मातृ श्रद्धा र महत्ता, बाकी जेठी श्रीमती अम्बिकाको ११ वर्षमा दुखद निधन र १७ वर्षमा दोस्रो बिहे, पुरुषप्रधान समाजका सामन्ती चिन्तन, परम्परागत अन्धविश्वास, भाकल, सत्यवतीमा बाले र भैरवस्थानमा आमाले तथा सिद्धगुफामा कान्छी आमाले भाकल गरेको बोका रोट र वर्तन चढाएको, राम्दी, बटौलीको आवतजावत, सद्बिज छरेको, मिसन अस्पताल, पाल्पा दरबार र इतिहास, सांस्कृतिक पक्ष हुँदै भोपाल र मलेसिया यात्रा, ज्योतिषि र त्यसप्रतिको विश्वास, धार्मिक आस्था र विश्वास, बसाइसराइको तयारी र माडी श्राप परेको ठाउँ, स्वैरकल्पनात्मक (ढुटोको रोटी, खिरपाक ताउलीजस्ता दन्त्य/लोककथा), गरिबी, अशिक्षा, ढिकी, जाँतो, पिङ, घरगोठजस्ता परम्परागत नेपाली जीवनयापनका अवस्थाहरुको वर्णन यस कृतिमा रहेको छ ।

## मोहोरमा चरित्र वा पात्र

मोहोर विधाका दृष्टिले उपन्यास भए पनि यो बाको जीवनी हो । यथार्थ घटनाहरुलाई उपन्यासका रुपमा प्रस्तुत गरिएको यस उपन्यासमा लेखकका बा नायकका रुपमा रहेका छन् । लेखककी आमा नायिकाको रुपमा रहे पनि उनको भूमिका दुर्बल छ । उपन्यासमा सहायक पात्रहरु हजुरबा, कान्छी आमा, जेठी श्रीमती अम्बिका, तोरे ज्योतिषी,

ठुलाबा, ढुन्डी हजुरबा, माइलाबा र उनको कान्छो छोरा, जुवाडेहरु, पण्डितहरु, लेखक र अन्य परिवारसमेतका पात्रहरु रहेका छन् । यस उपन्यासमा सबै पात्रहरु वर्गीय वा प्रतिनिधिमूलक छन् । अधिकांश पात्र अनुकूल र केही पात्र प्रतिकूल चरित्रका छन् । उपन्यासका नायक लेखकका आफ्नै पिता घनश्याम गैरे र नायिका लेखककी आमा रुकादेवी गैरे हुन् । प्रमुख पात्र बाले गरन डाँडामा बिताएको समय, मातृपितृवियोग र एक्लो नातिको सहारा हजुर बासमेतको वियोग सहनु परेको र यस्तो टुहुरो भएकाले केही आफन्तहरुले नै हेप्ने गरेको नेपाली सामन्ती समाजको चरित्र जीवन्त रुपमा प्रस्तुत गरिएको छ । बाले गरेका दुख, सङ्घर्ष, आफ्नो थातवास छोडेर अज्ञात भविष्य बोकेर बर्दिया झर्नुपरेको र बर्दियामा समेत अनेक दुखकष्ट र जालझेलको चपेटामा परेको एउटा सङ्घर्षशील किसान यस उपन्यासको नायक भए पनि बा एक्ला नायक नभई यस्तो अवस्था भोगेर सफलता हासिल गर्न सक्ने तमाम नेपाली बाहरुको प्रतिनिधि पात्रका रुपमा रहेका छन् । हजुरबा सहायक पात्रका रुपमा नातिको सहारा बनेका, तोरे ज्योतिषि, पण्डितहरुलगायत सहायक पात्र अनुकूल र प्रतिनिधिमूलक वा वर्गीय पात्रका रुपमा रहेका छन् भने ढुन्डी हजुरबा, उनको कान्छो छोरा, जुवाडेहरु, माइला बाजस्ता केही पात्रहरु प्रतिकूल तर त्यस्ता वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्रका रुपमा रहेका छन् ।

## परिवेश

गैरेहरुको पुर्ख्यौली थालो जुम्ला, दैलेख, अर्घाखाँची प्रसङगअनुसार आएपनि पाल्पाको गरनडाँडा र बर्दियाको ककौरा यस उपन्यासका मुख्य केन्द्र हुन् । साथै घटनाअनुसार तान्सेन, काठमाडौँ, भोपाल, मलेसिया, बर्मा, बुटवल, रुपैडिहा, मैनापोखर, नेपालगन्जलगायतका स्थानहरु भौगोलिक परिवेशका रुपमा आएका छन्। दुई रात एक दिनमा बाले छोरालाई उल्लेख गरेको यस उपन्यासको विषयवस्तुले मोटामोटी १०० वर्षको घटनालाई समेटेको छ । तत्कालीन मोहोर प्रथा, मुखिया, जिमुवाल प्रथा, अन्धविश्वास, परम्परागत, विकृतिविसङ्गति, तत्कालीन संस्कारसंस्कृति, रागविराग, द्वेष आदि यस उपन्यासका सामाजिक, आर्थिक, सांस्कृतिक, विविध परिवेशजन्य अवस्थाहरु हुन् । पहाडी जनजीवनका यथार्थ अवस्था र तराईका यावत् पक्षहरुलाई समेटिएको यस उपन्यासमा भारतबाट आउजाऊ गर्नुपर्ने अवस्थामा चोरको विगविगीसमेतको यथार्थपरक अभिव्यक्ति भएको छ । राणाशासन र पञ्चायतकालीन पुरुषप्रधान सामन्तीचिन्तन र जीवनका दुखद घटनापरिघटनाहरुको चित्रणले उपन्यासको परिवेश जीवन्त बनेको छ ।

## भाषाशैली

सरल, सुबोध, वर्णनात्मक एवं विवरणात्मक भाषाको प्रयोग भएको मोहोर उपन्यासमा बाको एकालापयुक्त अभिव्यक्ति रहेको छ । संवादयोजना न्यून रहेको छ । भाषिक कलात्मकता वा भार्षिक सौन्दर्य कमजोर देखिन्छ । अलङ्कारहरु खोज्नुपर्ने अवस्था र केही उपमा अलङ्कार रहेको देखिन्छ। दन्त्यकथाजन्य स्वैरकल्पनाको प्रयोग र केही उखानटुक्काहरुको प्रयोगले भाषालाई उचाइ दिने काम गरेका छन् । कतिपय घटनाहरुबाट हृदय द्रवीभूत हुने अवस्था उपन्यासमा छ । यति भएर लेखकले मोहोर कृतिबाट बाको जीवनसङ्घर्षलाई प्रकाशित गरेको अवस्थालाई “मैले पनि बालाई जन्माएँ (पृ.१)” र “सर्पको विषले रगत छोइएजस्तो (पृ.३०६)” जस्ता पदावली वा वाक्यांशले विपरीतार्थको अवस्था सिर्जना भएको छ । भाषाशैली समग्रमा सरल, सुबोध भईकन सम्प्रेष्य र आकर्षक बनेको छ ।

**उपन्यासको उद्देश्य**

मोहोरका नायक बाको जीवनसङ्घर्षका माध्यमबाट सङ्घर्ष गर्दा कहिल्यै हार मान्नु हुँदैन। इमान्दारी र लगनशीलतापूर्वक आफ्नो कर्म गरिरहनुपर्छ। लोभी, पापी, फटाहाहरुले जतिसुकै हेपे पनि तिनको वास्तै नगरी आफ्नो काममा निरन्तर लागिरहे सफलता प्राप्त हुन्छ भन्ने विचार नै यस उपन्यासको मूल उद्देश्य हो । उपन्यासमा जुवातासजस्ता विकृतिविसङ्गतिका साथै हेपाइको चरम अवस्था र सहनुको पनि पराकाष्टालाई देखाइएको छ। ढुन्डी गैरेका छोराले निर्ममतापूर्वक कुट्नु, भाइहरुसँग मुद्दा र माइला बाले आफूलाई थुक्नु, बाको जीवनका सबैभन्दा दुखद घटना हुन् । यी घटनाबाट बाले नितान्त एक्लो महसुस गरी गरनडाँडा छाड्ने निर्णय गरेको र बर्दियाको ककौरामा बसाइ सरी ससाना लालाबालालाई भरणपोषण गर्दै एउटा किसानले अन्यायअत्याचार सहँदै आफ्ना सन्ततिहरुलाई उच्च शिक्षा र समाजका विभिन्न क्षेत्रमा अब्बल बनाउन सक्ने सतिसाल बनेका बाको जीवनसङ्घर्ष नै यस उपन्यासको वैचारिक धरातल हो। आफ्ना आमा, बुवा र पुर्खाप्रतिको श्रद्धाभाव, आफ्नो माटोको माया यस उपन्यासले दिएका महत्त्वपूर्ण पक्ष हुन् । मोहोर युगको पहाडी जीवन, रुपैयाँ युगको तराई जीवनमा अभाव र अशिक्षामा गरिएको सङ्घर्ष यस उपन्यासको भावभूमि हो ।

**मोहोर उपन्यासमा सङ्घर्षको खोजी**

वि.सं. १९९७ सालमा जन्मेका घनश्याम गैरे तथा यस कृतिका मुख्य पात्र नायक हुन् । मोहोरको मूल्य भनेको उपन्यासका नायक 'म' पात्र अथवा 'बा'को सङ्घर्षको मूल्य हो। बा र आमाको दुख, पीडा र वेदनाको मूल्य हो। बा जन्मेकै वर्ष चार जना युवाहलाई हत्या गरेको तितो समय हो। बा तीन वर्षको हुँदा उनकी आमा, सात वर्षको हुँदा बाका बा र त्यसपछिको टुहुरोलाई बोकेको हजुरबा पनि दश वर्षको उमेरमा बितेको दुखद अवस्थाले मोहोरको मूल्य मोहोरका नायक बाको बाल्यकाल र सङ्घर्षपूर्ण जीवन नै मोहोरको मूल्य हो । अझ बाकी जेठी श्रीमतीको छोटो समयमा निधन हुनु अर्को दुखद अवस्था हो । उपन्यासकी नायिका अर्थात् लेखककी आमा रुकादेवी एक वर्ष हुँदा उनकी आमाको निधन भएको र तीन वर्षकी हुँदा बाको निधन भएको अवस्थाले यस जोडीले बाल्यकालदेखि भोग्दै आएको कठिन र अकल्पनीय दुख नै मोहोरको मूल्य हो। मोहोर बाको कठिन र अनाथ बाल्यकाल संवेदनशील दुखद कैशोर र सङ्घर्षपूर्ण जीवन नै मोहोरको मूल्य हो। बाको कमजोर शारीरिक अवस्था अझ दुखपूर्ण बन्न पुगेको छ। बाले भनेका छन्, "जन्मजात नै म शारीरिक रुपमा अपाङ्गता लिएर जन्मेको थिएँ। मेरो एउटा खुट्टा कमजोर थियो। त्यसैले म ढिलो हिँड्न सकेँ। तीन वर्षको हुँदा पनि राम्ररी हिँड्न सक्दैनथेँ रे (पृ.२७)।" आफ्नो दुखद बाल्यकालका बारेमा बाले यसरी उल्लेख गरेका छन्,

> "म राम्ररी हिँड्न नसक्दै दैवका आँखा मेरी आमामा परे। मेरी आमा अकस्मात मबाट टाढा पुग्नुभएछ। आमालाई उठाएर लैजान लाग्दा मेरी आमालाई नलैजाऊ भनेर म निकै रोएँ रे। मेरो रुवाइ रोक्न हजुर आमाले पिठ्युँमा बोक्नु भएछ। पिठ्युँमा रुँदारुँदै निदाएछु। ब्युँझेपछि म फेरि रुन थालेछु। जति रोए पनि आमा फर्केर आउनुभएन। त्यो रात म हजुआमासितै सुतेछु (पृ.२८)।"

बाले आमाको सानिध्य त पाएनन् पाएनन् मामाहरुको सानिध्य पनि नपाएकोमा उनलाई अझ दुखित बनाएको यसरी व्यक्त गरेका छन्, "आमाकी मामा भन्छन् मैले मामाहरुको पनि लामो सानिध्य पाइन (पृ.२८)।" यसरी

आमा र बा गुमाएका उपन्यासका नायक बाका एक मात्र सहारा हजुरबा पनि दश वर्षको हुँदा हैजाका कारण बिते पछि नितान्त एक्लो भएको बाको जीवन कति कठिन र चुनौतीपूर्ण भयो होला अनुमान गर्न सकिन्छ । उनले हजुर बाको निधनपछिको अवस्थालाई यसरी व्यक्त गरेका छन्, "म दश वर्षको पुग्दा हजुरबाले पनि छोडेर जानुभयो । म पूर्णरुपमा टुहुरो भएँ । मलाई कथा सुनाउने हजुरबा गण्डकीको बगरमा धुवाँ र खरानी हुनुभयो । तेह्र दिने कर्म सकिएपछि घरमा कोही आएनन् । हजुरबा बिनाको घर शून्य लाग्थ्यो । बा, आमा र हजुरबा बितेपछि मेरो शिरलाई मायाले सुम्सुम्याउने हात सधैँलाई गुमाए । म नितान्त एक्लो र सहाराविहीन भएँ (पृ.३८) ।"

एघार वर्षमा बच्चाको खेल जस्तै उनको बिहे भयो । हेराहेर भयो तर बोलचाल भएन । दुई वर्ष उनी माइतैमा बसिन् । बिहेको खेल खेलेर साँझ घर फर्केका केटाकेटी जस्तै पछि जेठी श्रीमती अम्बिकाले मृत बच्चा जन्माएपछि दोस्रो बच्चा सुरक्षित होस् भनी सासूले माइत लिएर गएको । दोस्रो बच्चा हुँदा पनि रक्तश्राप बढी भई जेठी श्रीमतीले संसार छोडेको अवस्थाको बाले यसरी उल्लेख गरेका छन्, "जहाँ पातलो छ त्यहीँ प्वाल पर्छ भनेझैँ दुखको गहिरो खाडलमा म झन्झन् भासिँदै गएँ । मेरै अगाडि अम्बिकाको शरीर जल्दै गरेको हेर्ने आँट ममा थिएन । मलाई लिन आएकी दिदी सासूलाई एक्लै पठाइदिएँ । मैले पछि घोत पठाइदिएँ (पृ.४१) ।" उपन्यासकी नायिका अर्थात् बाकी कान्छी श्रीमती रुकादेवीकी आमा तेस्रो सन्तान जन्माउन नसकी बितेकीले कान्छी सासूले दुई दिदीबहिनीलाई हुर्काएको र उनैसँग दोस्रो बिहे भएको अवस्थालाई बा यसरी उल्लेख गर्छन्, "कस्तो संयोग रुका र मेरो कथा उस्तै उस्तै रहेछ (पृ.५०) ।" रुकादेवीका बा कान्छी श्रीमती ल्याएको दुई वर्षमै बिरामी भएर मर्ने बेलामा रुकादेवीका बारेमा यसरी भनेर गएछन्, "तेरो कोखबाट जन्मन नपाए पनि यी छोरी तेरा हुन् । छोरीहरुलाई हुर्काएस् । मेरो नाममा सप्ताह गरिदिएस् (पृ.५०) ।" यसरी यो जोडी दुवैले आफ्नी आमाको अनुहार चिन्न पाएनन् । आफ्ना आमाहरुको नाम अरुले भनेपछि थाह पाए । दुवैकी आमाको नाम संयोगले नरीनर्मदा रहेछ । यो पनि एउटा अनौठो संयोग बन्न पुगेको छ । सत्र वर्षको उमेरमा दोस्रो बिहे गरेका बाका सन्तान नजन्मेपछि पूजाआजा, उपवास, १०८ चेलाचेली र भान्जाभान्जीको खुट्टाको जल खाएर ब्रह्मभोज खुवाएको, सप्ताह लगाएको र हरिवंशपुराण लगाएर २०२६ सालमा सन्तान जन्मेपछि लगातार सन्तान भए । यसरी सन्तान जन्माउनका लागि बाले गरेको सङ्घर्ष तीर्थव्रत र परम्परागत सन्तान नभए अपुतो हुने र स्वर्ग नगइने अन्धविश्वासले उनको मनोदशालाई कति विक्षिप्त बनायोहोला भन्ने अनुमान गर्न सकिन्छ । यसै क्रममा सत्यवती मन्दिरमा बोका चढाउने भाकल, भैरवमा रोट चढाउने भाकल र सिद्धगुफामा वर्तन गराउने भाकल गरिएको अवस्थालाई यसरी व्यक्त गरिएको छ, "छोरो पाऊँ रोट चढाउँला ।" "नाति जन्मियोस् सिद्धगुफामा ल्याएर वर्तन गराउने छु (पृ.६१) ।"

बाले आफ्नो बाल्यकालदेखि भोगेका दुखद घटनाहरुबाट जीवनलाई यसरी हेरेका छन्, "जीवन पनि त रोटेपिङ जस्तै त रहेछ । कहिले माथि जान्छ । कहिले तल आउँछ । जिन्दगी पनि रोटेपिङ जस्तै फनफनी घुम्दो रहेछ (पृ.९७) ।" यसरी आफ्नो जीवनको आरोहअबरोहलाई उद्घाटन गर्दा "बाको स्वर कहिले भाषिएको गहिरो इनारभित्र हराएजस्तो सुनिन्थ्यो कहिले बोल्दाबोल्दै आत्तिएजस्तो हुन्थ्यो (पृ.९७)" भन्ने लेखकले उल्लेख गरेका छन् । गरनडाँडामा बाको प्रशस्तै जग्गाजमिन भए पनि खेती किसानीबाट मात्रै आर्थिक सम्पन्नता हासिल गर्न नसकिने अवस्था बाले यसरी व्यक्त गरेका छन्, "अनाज बेचेर आएको पैसाले किसानले धनी बन्ने सपना देख्नु मृगतृष्णासिवाय केही थिएन (पृ.१०५) ।" आर्थिक अवस्थालाई सुदृढ बनाउन खुट्टा कमजोर भए पनि बा ऋण काढेर बाटो खर्च बनाई भोपालसम्म

मुग्लान गएको 'भोपाल यात्रा' शीर्षकमा उल्लेख गरिएको छ । यसरी बाले जीवनसङ्घर्ष गर्दा २२ दिनकी सुत्केरी रुकालाई लिएर पाँच सन्तानसहित घरबास छोडेर बसाइ सरेर हिँड्दा अवस्थालाई यसरी व्यक्त गरेका छन्, "हामी निक्लिँदा कोकोले हेरे खै । मैले फर्केर हेर्दै हेरिनँ । म जन्मिएको घर, घर अगाडिको मन्दिर, त्यो चाक्लो बारी, गोठ छेउको कटहरको रुख केही हेरिनँ । मान्छेको जातलाई एउटै पोखरीमा जमेर बस्न कहाँ मिल्छ र (पृ.१४१) ।"

दबदबेको रुख काट्दा रुखको हाँगोले गोठको पाखो भत्काएपछि ढुन्डी हजुरबाले गाली गरेको र भत्किएको गोठ म बनाइदिन्छु भन्दाभन्दै उनका कान्छा छोराले प्रहार गरेको दुखद अवस्थालाई यसरी बाले उल्लेख गरेका छन्, "ममाथि निरन्तर प्रहार भइरह्यो तर आफन्त र छिमेकीहरु सबै मुकदर्शक बनिरहे । मेरो शरीरमा दबदबेका कति लौरा भाँचिए मलाई थाह भएन (पृ.२६७) ।" यस घटनाबाट त्यस ठाउँमा आफ्नो कोही नभएको ठानेर थातबास छोड्ने निर्णय गरेका बाले आफ्नो निर्णयलाई यसरी व्यक्त गरेका छन्, "मेरो त टाउको राखेर रुने ठाउँ पनि रहेन छ । मलाई अब यो ठाउँ नै छोड्नु पर्छ कि भन्ने भावनाको बिउ रोपियो । खै किन आफ्नै पुर्खाले खनेको ठाउँ एकाएक बिरानो भयो । माटो मात्र आफ्नो भएर के गर्नु मान्छे आफ्नो नभएपछि (पृ.२६८) ।" बाको आफ्नै भाइसँग मुद्दा परेपछि आफ्नो दोष नभएको प्रमाणले मिलापत्र पनि गरियो तर भाइसँग उनको सम्बन्ध फेरि सुध्रेन । यसलाई बाले यसरी व्यक्त गरेका छन्, "कहाँ हानेपछि दुख्छ भन्ने कुरा आफन्तलाई थाह हुँदो रहेछ (पृ. २६९) ।" आफ्नो जग्गा बेचेका बालाई उनका माइबाले गरेको अपमान यसरी उल्लेख गरेका छन्, "उहाँले पचरत्त मेरो मुखमा थुकिदिनुभयो । उहाँले थुकेको थुक मैले सर्टको बाहुलाले पुछेँ । भङ्गुरमुनि लागे मै लाग्छु, तलवितल परे मेरै छोराछोरी पर्छन्, मैले कसैको एक रुपिया खाएको छैन, मैले मेरै नामको जग्गा पास गरेर दिएको हुँ (पृ.२७०) ।"

जन्मेको एक वर्षदेखि अभिभावक गुमाउँदै एक्लै सङ्घर्ष गर्दै बाँचेका बाले जीवनको मूल्य यसरी उल्लेख गरेका छन्, "जीवन बाँच्ने निश्चित नियमहरु छैनन् । निश्चित बाटाहरु छैनन् । यत्ति हो, घरको मुलीले बाटो बिराउनु हुँदैन । बाटो नबिराई हिँडेकाले नै यहाँसम्म आएँ (पृ.१९३) । जीवनलाई बुझेका बा आफ्नो अनुभवशील विचार यसरी व्यक्त गर्दछन्, "जीवन दुखै दुखको सागर हो त म भन्दिनँ तर जीवनमा सङ्घर्ष गर्दा कहिल्यै हाल मान्नु हुँदैन भन्ने कुरा मलाई मेरै जिन्दगीले सिकाएको छ । मैले भोगेको जीवनको सार यही हो (पृ.२१९) ।" बा बुढ्यौली शीर्षकमा आफ्नो सङ्घर्षमय जीवनलाई नियाल्दै भन्छन्, "मेरो जिन्दगीमा खुसीहरु कम, दुख र पीडा बढी थिए । एकपछि अर्को गर्दै दुखहरु आइरहे । मैले इमान्दार भएर त्यसको सामना गरेँ । कुनै दैव, ईश्वर वा कुनै दुश्मनलाई दोष लगाइन । मेरो भागमा जे जे परे मैले भोगेँ (पृ.२९७) ।"

## निष्कर्ष

वि.सं. २०८१ सालमा प्रकाशित मोहोर उपन्यास उपन्यासकार सागर गैरेको तेस्रो कृति हो । यस अगाडि लकडाउन निबन्धसङ्ग्रह र बलै गाउँदेखि बाकुसम्म नियात्रानिबन्धसङ्ग्रह प्रकाशित गरेका गैरेको यो उपन्यासमा लेखकका आफ्नै बाको जीवनमा आधारित यथार्थ घटनाविवरण भएकाले यो सामाजिक यथार्थवादी धारामा रचना गरिएको एउटा टुहुरो बालकले आफ्नो जीवनका ८४ वर्षसम्म आइपुग्दा आइपरेका अनेकौँ दुख, पीडा र सङ्घर्षलाई प्रस्तुत गरिएको छ । लेखकले आफ्नो बाको सादा र इमान्दार जीवनको महत्तालाई उल्लेख गरी कर्तव्य, मर्यादा र आदर्शको अभिव्यक्तिका साथै जीवनका दुख, सङ्घर्ष, वियोग र वेदनालाई प्रस्तुत गरेका छन् । इमान्दारीपूर्वक निरन्तर आफ्ना कर्तव्य गरिर

हँदा व्यक्ति सफल हुन्छ भन्ने आफ्नै बाको जीवनबाट सिकेका लेखकले एउटा कर्मशील, सङ्घर्षशील किसानको जीवनसङ्घर्ष र सफलताको कथालाई मोहोरमा प्रस्तुत गरेका छन् । यस कृतिमा बाले भोगेको दुखद बाल्यकाल, सङ्घर्ष र परिवारप्रतिको जिम्मेवारीलाई उल्लेख गरी तमाम बाहरुलाई आफ्नो जिम्मेवारी पूरा गर्न सन्देश दिइएको छ । जस्तोसुकै कठिन परिस्थितिमा पनि विचलित नभई निरन्तर सकारात्मक सोचका साथ कर्म गरिरहनुपर्छ भन्ने यस कृतिका नायकले गरेको सङ्घर्षलाई यस अध्ययनमा देखाउन प्रयास गरिएकोछ ।

**सन्दर्भसूची**

अधिकारी, गोपालप्रसाद शर्मा र शाही वीरेन्द्र (२०६६). मध्यपश्चिमका समालोचना. नेपालगन्ज : भेरी साहित्य समाज ।

कँडेल, घनश्याम (२०५५). नेपाली समालोचान. ललितपुर : साझा प्रकाशन ।

गैरे, सागर (२०८१). मोहोर. काठमाडौँ : माया पब्लिकेसन प्रा.लि. ।

तिमिल्सिना, हरिप्रसाद (२०७१). नेपाली पत्रकारिता (सैद्धान्तिक एवं प्रायोगिक). काठमाडौँ : ऐरावती प्रकाशन ।

तिमिल्सिना, हरिप्रसाद (२०७४). समदृष्टि. नेपालगन्ज : भेरी साहित्य समाज ।

प्रधान, कृष्णचन्द्र सिंह (२०५३). नेपाली उपन्यास र उपन्यासकार (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५०). नेपाली साहित्यको इतिहास. काठमाडौँ : नवीन प्रकाशन ।

श्रेठ, दयाराम (२०५४). साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६४). नेपाली उपन्यास : परम्परा र प्रवृत्ति (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।